**जागिर विवरण (Job Description)**

**पद: परियोजना अधिकारी**

**रोजगारी प्रकाशित मिति**: २६ जनुवारी, २०२६

**आवेदनको अन्तिम मिति**: ३ फेब्रुअरी, २०२६

**संस्था: कोशिश**

**विवरण / आवश्यकताहरू:**

**कामको विवरण**:

**परियोजना अधिकारी – १ त्रिवेणी नगरपालिका, बाजुरा**

**परियोजना**: सुदूरपश्चिम र लुम्बिनी प्रदेशका ग्रामीण नगरपालिकाहरूमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सेवाहरूको प्रावधानका लागि स्वास्थ्य प्रणाली सुदृढीकरण (GIZ द्वारा समर्थित)

**अवधि**: सुरुमा एक वर्ष, कार्यसम्पादन र कोष उपलब्धताको आधारमा विस्तारको सम्भावना रहेको।

**समग्र उद्देश्य**:

परियोजना अधिकारीले परियोजना समन्वयकर्ताको प्रत्यक्ष पर्यवेक्षणमा र केन्द्रीय टोलीसँग निकट समन्वयमा स्थानीय तह तथा समुदाय स्तरमा परियोजना गतिविधिहरूको प्रभावकारी कार्यान्वयनको पर्यवेक्षण गर्नेछन्। यसमा समयमै कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा सिकाइ सुनिश्चित गर्नु पर्नेछ।

**प्रमुख कर्तव्य तथा जिम्मेवारीहरू**:

**परियोजना व्यवस्थापन**:

- तोकिएको नगरपालिकाको फोकल व्यक्तिको रूपमा परियोजना गतिविधिहरूको कार्यान्वयनको नेतृत्व गर्नु।
- टोली तथा परियोजना समन्वयकर्तासँग मिलेर वार्षिक तथा आवधिक कार्ययोजनाहरू तर्जुमा गर्नु।
- परियोजना सूचकांकहरू अनुसार प्रगतिको नियमित समीक्षा, अनुगमन तथा प्रतिवेदन तयार गर्नु।
- सिकाइ र उत्कृष्ट अभ्यासहरू दस्तावेजीकरण गर्नु।
- कार्यक्रम र वित्तीय गतिविधिहरूबीचको समन्वय सुनिश्चित गर्न प्रशासन/वित्त अधिकारीसँग सहकार्य गर्नु।
- साझेदार तथा दातृ निकायका भ्रमणको व्यवस्थापन तथा सहजीकरण गर्नु।

**समन्वय, सहकार्य तथा पैरवी**:

- स्थानीय सरकार, स्वास्थ्य संस्था, सामुदायिक आधारित संगठन (CBOs) तथा अपाङ्गता भएका व्यक्तिहरूका संगठनहरूसँग प्रभावकारी सहकार्य कायम गर्नु।

- स्थानीय सरकारको योजनामा मानसिक स्वास्थ्य अधिकार तथा सेवालाई मुख्यधारामा ल्याउन पैरवी गर्नु।
- परियोजना समन्वयकर्ता तथा कार्यक्रम प्रबन्धकसँग मिलेर प्रदेशस्तरीय पैरवीमा सहयोग गर्नु।
- परियोजना समन्वयकर्ताको स्वीकृति लिई स्थानीय मञ्च तथा बैठकहरूमा कोशिशको प्रतिनिधित्व गर्नु।

**दस्तावेजीकरण, डाटाबेस व्यवस्थापन तथा प्रतिवेदन:**

- परियोजनासम्बन्धी विस्तृत दस्तावेज तथा डाटाबेस नियमित रूपमा कायम राख्नु।
- परियोजना समन्वयकर्तालाई समयमै प्रतिवेदन पेश गर्नु।
- सफलता कथाहरू विकास गर्नु तथा लाभार्थी डाटा र सिकाइ क्याप्चर गर्नु।
- दातृ निकायको मापदण्डअनुसार समयमै प्रतिवेदन तयार गर्नु।

**सुरक्षा तथा जोखिम व्यवस्थापन:**

- फिल्ड कार्यान्वयनका क्रममा परियोजना टोलीको सुरक्षा सुनिश्चित गर्नु।
- केन्द्रीय कार्यालयसँग समन्वय गरी सम्भावित जोखिमहरू पहिचान र व्यवस्थापन गर्नु।

**सुरक्षाकरण (Safeguarding):**

- सबै परियोजना गतिविधिमा सुरक्षाकरण अभ्यासहरूलाई प्रवर्द्धन गर्नु।
- यौन शोषण, दुरुपयोग तथा उत्पीडनको रोकथाम (PSEAH) सम्बन्धी सम्पूर्ण नीतिहरूको कडा अनुपालन सुनिश्चित गर्नु।

**योग्यता तथा अनुभव:**

- मनोविज्ञान, सार्वजनिक स्वास्थ्य वा सम्बन्धित विषयमा स्नातक उपाधि (स्नातकोत्तर प्राथमिकता)।
- परियोजना कार्यान्वयन, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग (MHPSS) वा सामुदायिक विकासमा न्यूनतम ३ वर्षको अनुभव।
- स्थानीय सरकार तथा सामुदायिक सरोकारवालाहरूसँग समन्वय तथा सहकार्यको अनुभव।
- उत्कृष्ट दस्तावेजीकरण तथा सहजीकरण सीप।

**सुरक्षाकरण तथा आचार संहिता:** सबै कर्मचारीले कोशिशको बाल संरक्षण, सुरक्षाकरण तथा PSEAH नीतिहरूको पूर्ण पालन गर्न बाध्य रहनेछन्।

**आवेदन प्रक्रिया:**

सबै इच्छुक उम्मेदवारहरूलाई आफ्नो CV र Cover Letter सहित recruit@koshish.org.np मा इमेल मार्फत आवेदन पेश गर्न अनुरोध गरिन्छ। विषय (Subject) मा PO-GIZ उल्लेख गर्नुहोला।

**नोट:** अपाङ्गता भएका योग्य उम्मेदवार, महिला तथा सीमान्तकृत समुदायका व्यक्तिहरूलाई विशेष प्रोत्साहन दिइन्छ।सम्बन्धित पालिका/जिल्लाका स्थानीय बासिन्दा उम्मेदवारहरूलाई प्राथमिकता दिइने छ।

कोशिशले कुनै पनि कारण नखुलाई कुनै वा सबै आवेदन स्वीकार वा अस्वीकार गर्न सक्नेछ।